म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २७१ आइतबार ३० बैशाख २०८१ ने. सं. ११४४ बछलाथ्व 12 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गोरक्षनाथ मन्दिर उद्घाटन

हेटौंडा, २९ वैशाख/हेटौंडा उपमहानगरपालिका-१८ फुर्केचौरस्थित गोरक्षनाथ महादेव मन्दिर उद्घाटन गरिएको छ । महादेव मन्दिर निर्माण समितिका अध्यक्ष सूर्यबहादुर पण्डितको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा शनिबार नवनिर्मित गोरक्षनाथ महादेवको मन्दिर उद्घाटन गरिएको हो ।

उद्घाटन कार्यक्रममा बोल्दै नेता बानियाँले हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र गोरक्षनाथ महादेव मन्दिरको महत्व, यसको महिमा र साक्षात भगवानको रुपमा रहेकोले मन्दिरको प्रचार प्रसारका साथै यसको संरक्षण, प्रबर्द्धन तथा सदुपयोग गर्नतर्फ लाग्न ध्यानाकर्षण गराएका थिए । संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय बागमती प्रदेशबाट विनियोजित १५ लाख रुपैयाँबाट निर्माण भएको गोरक्षनाथ महादेव मन्दिर उद्घाटन कार्यक्रममा निर्माण समितिका पदाधिकारी तथा सदस्यहरु, स्थानीयवासीको सहभागिता रहेको थियो ।

# प्रदेश सरकारविरुद्ध आन्दोलनमा उत्रने जिल्लाका आठ दलको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हेटौंडा अस्पताल गाम्न लागिएको भन्दै मकवानपुरका आठ राजनीतिक दलले विरोध जनाएका छन् ।



आठ दलका प्रतिनिधिको हस्ताक्षरसहित शनिवार एक विज्ञप्ति जारी गर्दै बागमती प्रदेश सरकारले अस्पताल प्रतिष्ठानमा गाम्नका लागि अगाडि बढाएको प्रक्रिया रोक्न माग गरेको छ । मकवानपुरमा क्रियाशील ८ राजनीतिक दलले प्रदेश सरकारको बिरोध गरेका छन् । २०६२-६३ को जनआन्दोलन सफलतासँगै त्यसले निर्दिष्ट गरेको कार्यदिशा र संघीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक यात्रामा देश अघि बढिरहेको अवस्थामा प्रदेश सरकारको कार्यशैलीको बिरोध गरिएको हो ।

८ दलले शनिबार हेटौंडामा संयुक्त विज्ञप्ती जारी गर्दै संघीयताको अभ्यास गरिरहँदा यसलाई संस्थागत गर्ने हामी सबैको दायित्व भएकोले प्रदेश सरकारको संघीयता बिरोधी गतिबिधि अमान्य हुने बताइएको छ । सरकारमा रहेका र सरकार बाहिर रहेका दलले संयुक्त विज्ञप्ती जारी गरी प्रदेश सरकार निर्माणअन्तर्गत बागमती प्रदेश सरकार निर्माण हामी सबैको उपलब्धी र सपना पनि हो भनिएको छ ।

संयुक्त विज्ञप्तीमा 'यो एक गम्भीर प्रकृतिको अभ्यासमा प्रदेश सरकार लागिरहेको सरकारमै रहेका र सरकार बाहिर रहेका दललाई पनि अस्वीकार्य रहेका जानकारी गराउँदै मकवानपुरका जनताको अमूल्य निधिलाई नामेट पार्ने काम प्रदेश सरकारबाट भइरहेकाले यसको हामी समर्थन गर्न सक्दैनौं' भनिएको छ । यतिमात्र होइन, यदि यो प्रक्रिया तत्काल नरोकिए मकवानपुरका राजनीतिक दल सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिइएको छ ।

प्रतिष्ठान स्थापना गरेर प्रदेश र मकवानपुरको विकासमा योगदान दिने कामको स्वागत गर्दै हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्ने प्रक्रिया तत्काल बन्द नगरे सडक र प्रदेशसभामा समेत आन्दोलनको कार्यक्रम सञ्चालन गर्ने चेतावनी दिइएको छ ।

विज्ञप्तीमा 'बागमती प्रदेश सरकार गठनपछि प्रदेश राजधानी, पूर्वाधार विकास, प्रदेश गौरव आयोजनाले बागमती प्रदेशले विकासमा मारिरहेको फड्कोको हामी सबै प्रशंसा गर्दछौं' भनिएको छ । आजको मितिमा बागमती प्रदेश राज्यको प्रतिव्यक्ति आय भन्दा निकै माथि पुगेको छ । पूर्वाधार, लगानी र विकासले अरु प्रदेशको तुलनामा अब्बल छ ।

विज्ञप्तीमा बागमती प्रदेश सरकारले स्थापना गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौंडामै एमबिबिएससम्मको पढाइको तयारी गरेर भौतिक पूर्वाधार निर्माण गरिरहेको छ ।

प्रतिष्ठानले चाँडै लक्ष्यअनुसारको पढाइ सुरु गरोस्, प्रदेश सरकारले यसका लागि आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्था गरोस्, हामी सबै राजनीतिक दलहरु खुलादिलले यसलाई सार्थक बनाउन सहयोग गरिरहने प्रण गर्दछौं । तर, पछिल्लो समय विकसित घटनाक्रमप्रति दलको ध्यानाकर्षण भएको जनाइएको छ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आफ्नै भौतिक पूर्वाधार तयार नभएसम्मका लागि हेटौंडा अस्पताललाई प्रयोगशालाका रुपमा लिइने भनेर गरिएको सहमतिमा एकाएक हेटौंडा अस्पताल प्रतिष्ठानलाई नै सम्पूर्ण सम्पत्ति र स्वामित्व हस्तान्तरण गर्नेगरी प्रदेश सरकारले स्वास्थ्य मन्त्रालयमार्फत् आरम्भ गरेको प्रक्रियाले राज्यको ठूलो सम्पत्ति, आफ्नै अस्तित्व र गरिमा रहेको र दैनिक २ हजार भन्दा बढी नागरिकले उपचारसेवा पाइरहेको हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्ने र अस्तित्व नै नामेट पार्ने गरी भइरहेको गतिविधिले सबैको ध्यानाकर्षण भएको बताइएको छ ।

विज्ञप्तीमा नेपाली कांग्रेसका जिल्ला सभापति बुद्ध लामा, नेकपा एसका जिल्ला अध्यक्ष बिष्णु दाहाल, नेकपा माओवादी जिल्ला संयोजक भीम पाख्रिन, रास्वपा जिल्ला सभापति भरत पराजुली, जसपा जिल्ला अध्यक्ष सोम घलान, राप्रपा नेपालका जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटा, राप्रपा जिल्ला उपाध्यक्ष अर्जुन गौतम, नेकपा जिल्ला ईन्चार्ज वाटरले हस्ताक्षर गरेका छन् ।

**तरुण दलको चेतावनी**

नेपाल तरुण दल मकवानपुरले हेटौंडा अस्पतालको अस्तित्व नमेटाउन आग्रह गरेको छ । अस्पताललाई बागमती प्रदेश सरकार अन्तर्गत् मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गाभ्ने तयारी अगाडि बढाएसँगै नेपाल तरुण दलले विज्ञप्ति जारी गर्दै यस विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

तरुण दल जिल्ला अध्यक्ष लिलाराज सापकोटा (सन्तोष) र तरुण केन्द्रीय सदस्य गुरुप्रसाद दाहाल (गोपी) ले संयुक्तरुपमाम विज्ञप्ति जारी गर्दै स्थानीय तथा प्रदेश सरकारको गठन भएसँगै 'रिफर सेन्टर'को रुपमा रहेको हेटौंडा अस्पतालको सेवामा केही परिवर्तन भइरहेको अवस्थामा प्रदेश सरकारले एक्कासी हेटौंडा अस्पतालको इतिहास मेटाउने गरी प्रतिष्ठानमा विलय गराउने तयारीप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

'प्रतिष्ठानको आफ्नै भौतिक पूर्वाधार तयार नभएसम्मका लागि हेटौंडा अस्पताललाई प्रयोगशालाका रुपमा लिइने भनेर गरिएको सहमतिमा एकाएक हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई नै सम्पूर्ण सम्पत्ति र स्वामित्व हस्तान्तरण गर्ने गरी प्रदेश सरकारले स्वास्थ्य मन्त्रालय मार्फत आरम्भ गरेको प्रक्रिया तत्काल रोक्न हामी जोडदार माग गर्दछौं ।,' विज्ञप्तिमा भनिएको छ ।

## कांग्रेसले अग्रजको सम्मान गर्न जान्नुपर्छः सहमहामन्त्री डीना

साझाकुरा संवाददाता

हेटौंडा, २९ वैशाख/ नेपाली कांग्रेस केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले अग्रज नेता कार्यकर्ताको सम्मान गर्न जरुरी रहेको धारणा राखेकी छिन् ।



नेपाली कांग्रेस थाहानगर ९ नम्बर वडा समिति चित्लाङको आयोजनामा शनिबार भएको शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उनले अग्रजको योगदानकै कारण कांग्रेस वर्तमान अवस्थासम्म आइपुगेकोले अग्रजको सम्मान गर्नुपर्ने धारणा राखेकी हुन् ।

'यस वडाले अघिल्लो वर्षमा झैं यसवर्ष पनि अग्रजलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तर ता दिएको छ । पार्टीमा लामो समय योगदान दिएका अग्रजहरुको योगदानलाई सम्मान गर्न जरुरी छ', सहमहामन्त्री डीनाले भनिन्, 'अरु वडा र पालिकाले पनि यस वडाबाट सिक्न जरुरी छ ।,' आमनिर्वाचनमा कांग्रेसको उम्मेदवारलाई घात गर्नेहरुलाई पार्टीको आन्तरिक निर्वाचनबाटै पाखा लगाउनुपर्ने उनको निर्देशन थियो ।

वर्तमान राजनीतिक सन्दर्भमा आफ्नो धारणा राख्दै डीनाले कांग्रेसलाई धोका दिएर बनेको वर्तमान सरकार अहिल्यै धुरमुर अवस्थामा पुगिसकेको बताइन् । कम्युनिस्टहरु सरकार टिकाउन अर्काको पार्टी फुटाउन समेत पछि नपर्ने गरेको डीनाको भनाई थियो । कांग्रेस थाहानगर ९ नम्बर समितिले सूर्यमान बलामी, उत्तमप्रसाद उपाध्याय, खिन्द्रबहादुर थापालाई सम्मान गरेको हो । यस्तै स्व.बिष्णुलाल गमाल र राजभाइ श्रेष्ठलाई मरणोपरान्त सम्मान गरिएको थियो ।

वडा सभापति राजेन्द्र केसीको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुरका नेताहरु आनन्दराम पराजुली, यतीराज सापकोटा, भीम लामा, भरत गोपाली, उद्धव लामिछाने, खड्ग गोपाली, राजेन्द्र बिडारी, भवानी श्रेष्ठ, बिक्रम गोपाली, दीपक गोपाली, कर्ण गोपाली, राममाया खत्रीलगायतले समसामयिक विषयमा मन्तव्य व्यक्त गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## अनेमसंघ थाहाको आयोजक कमिटी गठन

साझाकुरा संवाददाता

हेटौंडा, २९ वैशाख/ नेकपा एमाले निकट अखिल नेपाल महिला संघले ६ महिनाभित्र नगरअधिवेशन गर्ने भएको छ । अधिवेशनका लागि २९ वैशाखमा भएको नगरभेलाले यशोदा अधिकारीको संयोजकत्वमा २९ सदस्यीय अधिवेशन आयोजक कमिटी गठन गरेको छ ।

कमिटीको सचिवमा जानकी श्रेष्ठ चुनिएकी छन् । सदस्यहरुमा कल्पना लामिछाने, दुर्गा बिडारी, एस ढकाल, मेनका ढकाल, देवी बर्तौला, अनिता कार्की, रुपा केसी, गंगा घले, चरिमाया थिङ, शारदा कार्की, बालकुमारी गोपाली, लक्ष्मी मिजार, भगवती अर्याल, फूलमाया घलान, मनलक्ष्मी पाख्रिन, सानुमाया विक, निर्मला बस्नेत, पञ्चमाया बलामी, कल्पना गोपाली, रमिला गोले, सरिनामाया गोले, सुकुमाया स्याङ्तान र निशा दोङ चयन भएका छन् ।

नगर उपाध्यक्ष रामप्यारी नापितको सभापतित्वमा भएको भेलामा अनेमसंघ बागमती प्रदेश सदस्य बिमला कार्कीको प्रमुख आतिथ्यता थियो ।

प्रमुख अतिथि कार्की, अनेमसंघ जिल्ला अध्यक्ष सुमित्रा काफ्ले, नेकपा एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधान, जिल्ला पर्यटन विभाग सदस्य नवराज कार्की, नगर सदस्यहरु रामराजा केसी, गोमा कार्की, शान्ता रिमाल, उर्मिला बिक, बिमला पाख्रिन लगायतको आतिथ्यता थियो ।

## भतिजद्वारा काकीलाई कैंची प्रहार

साझाकुरा संवाददाता

हेटौंडा, २९ वैशाख/ हेटौंडामा भतिजाले काकीलाई कैंचीप्रहार गर्दा काकी गम्भीर घाइते भएकी छिन् ।

शनिबार दिउँसो हेटौडा-९ प्रगतीटोल बस्ने बर्ष अन्दाजी ५० वर्षीय कमल परीयारले आफ्नै काकी ६५ वर्षीया गोमा दमाईलाई कैंचीले टाउकोमा प्रहार गरी घाइते बनाएका छन् ।

कमलले मापसे गरी काकीलाई कैंचीले झट्टारो हानेको र उनको गम्भीर अवस्थामा हेटौंडा अस्पतालमा उपचार भइरहेको मकवानपुर प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

गोमा परियार बेहोस रहेको र कमललाई नियन्त्रणमा लिएर घटनाको आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats
Hurry Up !
Seats are limited
Book your seat on time
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# युवा सम्मेलन

हेटौंडामा शुक्रबारबाट बागमती प्रदेशका १६ वर्षदेखि ३० वर्ष उमेर समूहका युवाको सहभागितामा युवा सम्मेलन सुरु भएको छ । सम्मेलन आजसम्म चल्नेछ । सम्मेलनको बागमतीका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले उद्घाटन गरेका छन् । हेटौंडाको बुद्धचोकबाट बाजा र झाँकीसहितको र्‍यालीले बजार परिक्रमा गरेको थियो । मुख्यमन्त्री जम्कट्टेलले युवामा लगानी गर्नसके देशमा समृद्धि आउने बताए । यसको मतलव प्रदेश सरकार पनि युवामा लगानी गर्ने पक्षको मुख ताकिरहेको छ भन्ने हो । प्रदेशको सरकारप्रमुखलाई युवामा लगानी गर्न कुन शक्तिले रोकेको छ त ? 'लगानी गर्न सके' भन्नुको तात्पर्य स्पष्ट भएको छैन । युवामा वा बालबालिकामा लगानी गर्न डराउने सत्ता संचालकले समाज परिवर्तन गर्न मुस्किल मात्र होइन, असम्भव नै हुन्छ । सरकारप्रमुखले भन्ने कुरा यति फित्तलो नहुनु पर्थ्यो । हाम्रो सरकाले युवामा लगानी गरिरहेको छ भनेर गर्वका साथ भन्नु जरुरी थियो । नेपालको शिक्षा प्रणाली प्रयोगात्मक भएन । किताव कण्ठ पारेर गर्ने अध्ययन शैलीले जीवनउपयोगी सीप दिन सक्दैन । शिक्षा प्रणाली अव्यवहारिक भएको उनले बताएका छन् । सैद्धान्तिक शिक्षा भन्दा व्यवहारिक शिक्षामा जोड दिनसके उद्यमशीलताको विकास हुने मुख्यमन्त्री जम्कट्टेलले बताएका छन् ।

कृषि पेशालाई उद्यमशीलतामा लैजानसके युवालाई विदेश जानबाट रोक्न सकिने उनको भनाई छ । उद्यमशीलताको पहिलो आधार कृषिपेशा रहेकाले यसमा जोड दिन तीनै तहका सरकारले ध्यान दिनुपर्ने जम्कट्टेलले बताएका छन् । देशमै कृषि, पर्यटन, उर्जा र आईटी क्षेत्रमा उद्यमशीलताको सम्भावना भन्ने कुरा पनि उनलाई थाहा रहेछ । युवालाई अवसर दिएर स्वदेशमै ब्यस्त बनाउन कस्ले रोकेको छ त ? पछिल्ला दिनमा राजनीतिक दलका हर्कत र राजनीतिक घटनाक्रमले १२ कक्षा उत्तीर्ण गरेका युवा स्वदेशमा बस्नै चाहँदैनन् । यो वातावरण कसले बनाएको ? किन नेपालबाट युवा पलायन रोकिएन ? यो विषयमा युवा सम्मेलनमा आवाज बुलन्द हुनु जरुरी थियो । युवा सम्मेलनको उद्देश्य नै युवा पलायन रोक्ने हुनु जरुरी थियो । युवा सम्मेलनको नारा 'सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन: बागमतीमा युवा सशक्तीकरण' रहेको छ । सम्मेलनमा सहभागीले अनलाइनमार्फत् मात्रै आवेदन दिने व्यवस्था मिलाइएको थियो । सम्मेलनमा सहभागी हुन चाहने ५३७ जनाले अनलाइनमार्फत् आवेदन दिएका थिए । आवेदन दिएकामध्ये २०० जनालाई पूर्णसमावेशी अवधारणामा छनोट गरिएको बताइएको छ ।

युवा सम्मेलनमा सामुदायिक क्याम्पसका उत्कृष्ट विद्यार्थी, आदिवासी जनजाति, दलित, सीमान्तकृत समुदाय, महिलालाई प्राथमिकता दिएर सहभागी गराइएको परिषद्ले उल्लेख गरेको छ । सम्मेलनमा शिक्षा, सीप, नवप्रवर्तन, रोजगारी र नीतिगत सुधारका क्षेत्रमा गरेर ५ वटा विषयमा छलफल तथा अन्तरक्रिया हुने बताइएको छ । सम्मेलनमा युवाको ज्ञानसीप, सृजना र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विविध कार्यक्रम आयोजना गर्न लागिएको बताइएको छ । युवा सम्मेलनमा शिक्षामा कहाँ छ समस्या ?, नीति, राजनीति र समृद्धि, डिजिटल साक्षरता: प्रविधि, अवसर र सम्भावना, नवप्रवर्तन र उद्यमशीलता: नीति र निरन्तरता, विदेशमा आर्जित ज्ञान र सीप: देशमा लगानीको सम्भावना र मुख्यमन्त्रीसँग कुरालगायत विषय वस्तुमाथि छलफल हुने परिषद्ले जनाएको छ । युवा सम्मेलन पश्चात् २०८१ लाई 'युवा सीप वर्ष' घोषणा गर्ने तयारी गरिएको बताइएको छ । प्रदेशका ५ हजार युवालाई सीपमूलक तालिम प्रदान गरी उद्यमशीलतातर्फ अग्रसर गराउने तयारी छ । १० हजार बढी युवाबाट तालिमका लागि प्रस्ताव आएको परिषद्ले जनाएको छ । अधिकांशले ट्रेनिङकै तालिम माग गरेका छन् । सिलाईबुनाइ, ब्युटीपार्लरलगायत माग बढी आएको जानकारी दिइएको छ । सूचनाप्रविधिको क्षेत्रका केही विषयमा तालिम सञ्चालन गर्ने तयारीमा परिषद् छ । युवा सम्मेलनका लागि १५ लाख बजेट विनियोजन गरिएको परिषद्ले जनाएको छ । कुल १२ करोड रुपैयाँ बजेटमध्ये ५ करोड रुपैयाँ तालिम र सीपपरीक्षणमा खर्च गर्ने योजनामा परिषद् रहेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख ३१ गते सोमबार १३ मे २०२४ । षष्ठी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१८, सूर्यास्त ६:४४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | तुला | : मानसिक तनाव बढ्नेछ |
| वृष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | वृश्चिक | : मनमा छट्पटि बढ्नेछ |
| मिथुन | : पवित्र कर्ममा मन जानेछ | धनु | : शत्रु पराजय हुनेछ |
| कर्कट | : घरेलु समस्याले सताउने देखिन्छ | मकर | : बुद्धि र पराक्रम बढ्नेछ |
| सिंह | : महत्वपूर्ण भेटघाट हुनेछ | कुम्भ | : नातागोतासँग भेटघाट हुनेछ |
| कन्या | : उपहार हात लाग्नसक्नेछ | मीन | : रोकिएको कामहरु बन्नेछ |

# गैरजिम्मेवार राजनीतिको परिणाम सामाजिक विकृति



✍ श्यामप्रसाद मैनाली

नीतिमध्येको मूल नीति राजनीति हो । राजनीतिले देशलाई सही दिशामा अघि बढाउन सक्नुपर्दछ । राजनीतिले सधैं राष्ट्र, राष्ट्रियता र लोकतन्त्रलाई प्राथमिकतामा राख्न सक्नुपर्दछ । आधुनिक विश्वमा साम्यवादीहरूसमेत लोकतन्त्रको पैरवी गर्दै छन् । यस अर्थमा लोकतन्त्रको संस्थागत विकास हुँदा सुशासन सम्भव हुन्छ । देशको राजनीति गतिहीन, दिशाविहीन र स्वेच्छाचारी बन्दै गर्दा सामाजिक विकृतिहरू बढ्ने गर्दछन् । सबै प्रकारका विकृति र विसंगतिको स्रोत मूलत: अस्तव्यस्त राजनीति हो ।

अल्प अवधिमा देशलाई समृद्धिको दिशामा अग्रसर गराउने काम पनि राजनीतिले नै गर्दछ । राजनीतिज्ञहरूमा इमानदारिता, सच्चरित्रता, जवाफदेहिता र राष्ट्रप्रतिको समर्पणभाव रहँदा देशले काँचुली फेर्न सक्छ । संस्कारविहीन राजनीतिबाट समाजमा धेरै प्रकारका विकृति र विसंगतिहरू भित्रिने र समाज नै प्रदूषित हुन पुग्दछ । विश्व परिवेशमा अध्ययन गर्दा केही नेतृत्व तहमा रहनेहरूले विश्वलाई नै सकारात्मक परिवर्तन गराउने सन्दर्भमा राम्रो योगदान पुऱ्याएका छन् । आफ्नो पछि परेको देशलाई समृद्ध बनाउन केही नेताहरुले गरेका योगदानहरू कदर गर्नलायक छन् । यी राजनीतिक नेतृत्व तहमा रहनेहरूसँग नेपालको सन्दर्भमा विश्लेशण गर्दा हाम्रा राजनीतिज्ञहरुको अवस्था कस्तो देखिन्छ ? यिनै विषयमा व्याख्या गर्ने प्रयास यस आलेखमा गरिएको छ ।

**अन्तर्राष्ट्रिय क्षेत्रका केही उदाहरण** :

केही यस्ता विराट व्यक्तित्वहरू छन्, जसले विश्वलाई नै ठूलो योगदान पुऱ्याएका छन् । दक्षिण अफ्रिकाका रंगभेदविरोधी नेल्सन मन्डेलाले धेरै लामो संघर्षपश्चात् उक्त क्षेत्रलाई रंगभेद मुक्त बनाउन ठूलो सफलता हासिल गरे । अफ्रिकामा रहेका १० प्रतिशत श्वेतहरुले ९० प्रतिशत अश्वेतहरुलाई गरिरहेको शोषणलाई अन्त्य गरेपश्चात् आफू राष्ट्रपति बन्दा गोराहरूका प्रतिनिधिलाई उपराष्ट्रपति बनाएका थिए । यसले गर्दा रंगभेद समाप्त अफ्रिकामा शान्ति कायम गर्न सहज वातावरण बनेको थियो । पूर्वाग्रहर हित भएर सबैलाई समेट्दा पश्चिमाहरुले समेत उनलाई त्यस समयको ठूलो नेताका रुपमा स्वीकार गरेका छन् । समानता र मेलमिलाप उनको गन्तव्य थियो र यो सफलता उनले प्राप्त गरी विश्वलाई नै सकारात्मक सन्देश प्रवाह गरेका थिए ।

लामो समयदेखि ब्रिटिसहरुको भारतमा एकछत्र प्रभाव तोडेर देशलाई स्वतन्त्र बनाउन महात्मा गान्धीले अहिंसात्मकरुपमा भारत छोडो आन्दोलन गरेर सफलता प्राप्त गरेका थिए । नागरिक अवज्ञा नै उनको ठूलो हतियार थियो । सफलतापश्चात शान्तिपूर्वक इस्ट इन्डिया कम्पनीले भारत छाडेको थियो । जनताको समर्थनमा अघि बढेको उनको नेतृत्वको आन्दोलनले जनता र अहिंसामा ठूलो शक्ति हुने पाठ विश्वलाई नै पढाउन सफल भएको हो । संयुक्त अधिराज्यकी एन्जिला मर्केलले युरोपियन युनियनलाई व्यवस्थापन गर्न ठूलो योगदान गरेकी थिइन् । विश्वमै ठूलो समस्याको रुपमा देखिएको शरणार्थीसम्बन्धी चुनौतीलाई समेत सफलतापूर्वक व्यवस्थापन गरेकी हुन् ।

सिंगापुरलाई बनाउन ली क्वान युको योगदान अत्यन्त महत्वपूर्ण छ । एउटा सानो, कम विकसित देशलाई विश्वकै व्यापारिक केन्द्रका रुपमा विकसित गरेका हुन् । दीर्घकालीन सोचका आधारमा यस देशलाई प्रभावकारी शासन सञ्चालन गर्न सफल भएकाले उनलाई सिंगापुरमा अत्यन्त ठूलो सम्मानका साथ हेरिएको छ र अन्य देशहरुले पनि उनबाट पाठ सिक्नुपर्ने अवस्था बनाएका छन् । देङ सियो पिङले चीनमा आर्थिक सुधार गरेका छन् । आर्थिक वृद्धि उल्लेखनीय रुपमा भएको छ । गरिबी निवारण र देशलाई आधुनिकीकरण गर्न उनको योगदान अतुलनीय छ । यो देश विश्वमै सन् २०३० सम्म आर्थिक दृष्टिकोणले एक नम्बरमा पुग्ने लक्ष्यका साथ अघि बढिराखेको छ, आर्थिक सूचकहरु सकारात्मक देखिएकाले यो गन्तव्य चुम्न सफल हुने अवस्था देखिँदै छ । यी दीर्घकालीन सोच भएका व्यक्तिहरूबाट आधुनिक विश्व नै लाभान्वित बनेको छ । उनीहरुको साहस, आविष्कार, त्याग र इमानदारिताका कारण विश्व इतिहासमै आफ्नो नाम स्वर्ण अक्षरले अंकित गर्न सफल भएका छन् ।

**नेपालको सन्दर्भ** :

नेपालको अवस्था विचित्रको छ । २००७ सालदेखि हालसम्म नेपालको राजनीतिक नेतृत्व तहमा रहेका र शासन गर्ने अवसर पाएकाहरूमा देश बनाउने सोचसहितको राष्ट्रिय चिन्तन देखिएन । स्व. राजा महेन्द्र र प्रथम जननिर्वाचित प्रधानमन्त्री स्व. बीपी कोइरालामा राष्ट्र निर्माण गर्ने चाहना देखिएको थियो । तर उनीहरू दुवैको व्यक्तिगत टकरावका कारण देशमा लोकतन्त्र समाप्त भएको थियो ।

राजा महेन्द्रको व्यक्तिगत अभिष्टका कारण यो अवस्था बनेको थियो । २०४६ सालपश्चात् बनेका प्रधानमन्त्रीहरू तीनजना स्व. कृष्णप्रसाद भट्टराई, स्व. मनमोहन अधिकारी र स्व. सुशील कोइराला मात्रले आफूलाई आर्थिक मामिलामा स्वच्छ राख्न सके । बाँकी सबै प्रधानमन्त्रीहरू विवादमा तानिएका छन् । यस अवधिमा भ्रष्टाचार अत्यधिक बढिराखेको छ । पूर्व र बहालवाला प्रधानमन्त्रीहरू प्राय: सबै भ्रष्टाचारमा लिप्त बनेका छन् । यस अवस्थामा सुशासनको कल्पना गर्न सकिन्न । नेपालको दशबर्से तथाकथित जनयुद्धले पनि देशलाई अर्को ५० वर्ष पछि पारेको छ । देशमा हाल देखिएका सबै सूचकांकका आधारमा अध्ययन र विश्लेषण गर्दा सन्तोष गर्ने अवस्था छैन । देशको अवस्था अझै विकाराल बन्ने स्थिति छ । नेपालको राजनीति अपराधकर्मीहरु र अवसरवादीहरुको पकडमा छ । देशले स्थायीरुपमा सामना गर्नुपरि राखेको भूराजनीतिलाई व्यवस्थापन उचित प्रकारले गर्न हाम्रा शासकहरू असफल प्रमाणित भएका छन् ।

देश अपराधमय बनेको छ । भ्रष्टाचार वृद्धि हुनु, अपराध बढ्नु व्यक्तिको भ्रष्ट मानसिकताको उपज मात्र किमार्थ होइन । सरकारमा रहनेहरुको प्रभावकारिताको कमी हो । राजनीतिले गलत मार्ग अवलम्बन गर्नुको परिणाम हो । राजनीतिले नै व्यक्तिका चाहना र आवश्यकताको अत्यधिक वृद्धि गरिदिएको छ । देशमा अदालत छ । व्यवस्था लोकतान्त्रिक छ । कानुनहरू पनि पर्याप्त बनेका छन् । दक्ष प्रहरी संगठन छ । समाजका सचेत र योग्यता प्रणालीमा अब्बल प्रमाणित भएकाहरूबाट कर्मचारीतन्त्र सुसज्जित छ । सबै राजनीतिक दलहरुको प्रतिबद्धता सुशासन कायम गर्दै राष्ट्रिय समुन्नतिका दिशामा अघि बढ्ने देखिएको छ । तथापि समाजमा सबै प्रकारका अपराधहरू दिनानुदिन बढिराखेका छन् । ठूला अपराधहरूमा प्रत्यक्ष-अप्रत्यक्ष राजनीतिक नेतृत्वको संलग्नता देखिँदै छ । हाम्रा दिनचर्या र मूल्य-मान्यतामा आएको परिवर्तनका कारण हामी दिन-प्रतिदिन स्वार्थ उन्मुख बन्दै अन्धो बनिसकेको अवस्था छ । नैतिकता र इमानदारिता निर्वाह गरिराखेकाहरुको इज्जत र सम्मान समाजले गर्न जानेन । यो संस्कृतिको विकास हुँदै जाँदा हाम्रो नैतिक धरातल खस्किँदै गएको छ । हाम्रा सच्चरित्रता र इमानदारितामा समझदारी गर्दै जाने परिस्थिति निर्माण भएको छ । यस विकराल अवस्थाको आमन्त्रण हुनुमा धेरैवटा पक्षहरू जिम्मेवार छन् । नेपालको सन्दर्भमा ती पक्षहरुको विश्लेषण गर्नुपर्ने आवश्यकता छ ।

देशमा धेरैवटा कानन बनेको भए तापनि ती कानुनहरुको कार्यान्वयन स्तर अत्यन्त कमजोर छ । प्रक्रियागत जटिलताका कारण सेवा प्रवाह राम्ररी हुन सकेको छैन । दण्डहीनताको पराकाष्ठाका कारण विशेष गरी राजनीतिक तहले सबै प्रकारका अपराध कर्म गर्दा पनि अभयदान पाएको छ । राजनीति आफैं अपराध कर्ममा अभ्यस्त छ । उसले स्थायी संयन्त्रलगायतका लाई नियन्त्रणमा राख्ने हैसियत प्राय: गुमाइसकेको छ । सबै क्षेत्रहरूमा न्यायपालिकासमेतमा राजनीति व्याप्त छ । न्याय महँगो बनेको छ । प्रत्यक्ष जवाफदेहिताको अभावका कारणसमेत अस्तव्यस्त अवस्था बनिराखेको छ । लोकतन्त्रको मर्ममै प्रहार हुँदै गएको छ । न्यायपालिकामा न्यायका लागि प्रतीक्षारत व्यक्तिको जम्काभेट न्यायमूर्तिका नाममा राजनीतिक कार्यकर्ता र सच्चरित्रता कायम गर्न असफल व्यक्तिसँग हुन्छ । स्वार्थलोलुप झुन्डरुपी राजनीतिक कार्यकर्ताहरुले राजनीतिक आश्रयका आधारमा आफ्ना स्वार्थ सिद्ध गरिराखेका छन् । भ्रष्टाचार देशलाई समुन्नतिका दिशामा अघि बढ्न नदिने ठूलो अवरोधका रुपमा विद्यमान छ । विशेष गरी राजनीतिक तहले भ्रष्टाचारमा लिप्त बनाएका छन्, बनेका छन् । नीतिगत भ्रष्टाचार नियन्त्रक निकायलाई हेर्न नदिने कानुनी व्यवस्था र यसको गलत व्याख्याका कारण देश भ्रष्टाचारले आक्रान्त बनेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने विषय प्राथमिकतामा देखिँदैन ।

सफेद पोशाकका अपराधीका नामले यिनीहरुलाई सम्बोधन गर्नु उपयुक्त हुनेछ । अपराधीहरूबाट स्वाभिमानी नेपालीहरू लोकतन्त्रको नाममा शासित हुन बाध्य छन् । यस देशमा अदालतबाट भ्रष्टाचारी प्रमाणित भएका सांसदको निलम्बन फुकुवा भएर कानुन र नीति निर्माण गर्न निर्बाधरुपले पाउने भएका छन् । योभन्दा लज्जास्पद विषय के हुन सक्छ ?

भ्रष्ट बनेकाले धेरै राजनीतिज्ञहरूको नैतिकतामा ह्रास आएको छ । स्वार्थ बाझिने सन्दर्भमा निर्भिकताका साथ निर्णय लिने र जिम्मेवारी निर्वाह भइराखेको छ । रोजगारी माग गर्नेहरुलाई सरकार हत्या गर्दछ । आधारभूत आवश्यकताहरुको परिपूर्ति सहजताका साथ गर्न सरकार असफल छ । राजनीतिक व्यवस्थामा समयसापेक्ष परिवर्तन भयो । तर पात्रहरु आपराधिक मनोवृत्तिका देखिएकाले लोकतान्त्रिक शासन प्रणालीप्रति नै वितृष्णा फैलिएको छ । राजनीतिक नेतृत्व तहलाई सबै प्रकारका अपराध कर्म गर्नबाट छुट दिएकाले यो अवस्था बनेको हो ।

**निष्कर्ष**

प्रधान नीति राजनीति हो । राज्यलाई कुन दिशामा परिचालित गर्ने सन्दर्भ राजनीतिमा निर्भर गर्दछ । त्यसैले राजनीतिकर्मीलाई सबैभन्दा पहिला कानुनको कठघरामा ल्याउन सक्नुपर्दछ । संयुक्त राज्य अमेरिकामा वैदेशिक हस्तक्षेपको अन्त्य गर्दै वास्तवमै आफ्ना नागरिकहरुलाई सार्वभौम बनाउन जर्ज वासिङ्टनले गरेका योगदानबाट विश्वले पाठ सिकेको छ । हाम्रा शासकहरू उत्तरी सिमानामा भारतीय सैनिक तैनाथ गर्दा देशको सार्वभौमसत्ताको बारेमा कुनै चिन्तन गर्न आवश्यक देख्दैनन् । कालापानी क्षेत्रमा भारतले नेपाली भूमिको अतिक्रमण गरी मानसरोवर जाने मार्ग निर्माण गर्दा हाम्रा शासकहरुलाई कुनै सूचनासम्म पनि हुँदैन । सीमा सुरक्षा गर्न असफल भएकाहरूबाट थप अपेक्षा गर्न कठिन भएको छ । देशको सार्वभौमसत्ताको संरक्षण गर्न, राष्ट्र र राष्ट्रियताका पक्षमा एसियाकै देशहरुमा समेत राजनीतिकर्मीहरूका बीच मतैक्यता हुन्छ । यस प्रकारको सकारात्मक सोचको अभाव छ । मलेसियामा महाथीरले देशलाई आधुनिकीकरण गरे ।

आर्थिक सुधारका पक्षमा नतिजामा देखिने गरी काम गरे । आधारभूत संरचनाहरुको निर्माणलाई उच्च प्राथमिकतामा राखेर देशको काँचुली फेर्न सफल भए । उनलाई मलेसियाका जनताले उच्च सम्मान दिएका छन् । तर नेपालमा जनताको मन-मस्तिष्कमा राज गर्न सक्ने राजनीतिक नेतृत्वको खडेरी लामो समयदेखि परिराखेको छ । यिनै कारणहरूले गर्दा देश अघि बढ्न सकेन । आर्थिक समुन्नतिको विषय नारामा मात्र सीमित भयो । यी सबै परिवेशमा गम्भीर बनी यस देशमा जनप्रिय नेता बन्ने प्रतिस्पर्धामा नेताहरू देखिएनन् ।

यस अवस्थामा अब देशले नसोचेको एक राष्ट्रवादी नेतृत्वको उदय हुने प्रतीक्षामा देसवासीहरु रहेका छन् । आमनागरिकका बीचबाट यस प्रकारको नेतृत्वको उदय हुनेछ । यसका लागि यस देशको अवस्था वर्तमान समयको भन्दा पनि अत्यन्त नाजुक हुनुपर्दछ । यही दिशामा देश अभिमुख भएको छ । आशा गरौं, देशले खोजेको जनप्रिय नेता यस देशले प्राप्त गर्नेछ र देशका विकृति र विसंगतिहरुको समाधान हुँदै देशमा अग्रगामी परिवर्तन हुनेछ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# अमेरिका जानु छ भने कानूनले चिन्ने गरी जानुस्

✍ कृष्णमणि पराजुली

अहिले विश्वकै आकर्षणको केन्द्र बनेको छ, अमेरिका । त्यसमा पनि गरिब मुलुकका कतिपयका लागि अमेरिका सपनाको देश बन्दै गएको छ । ठूलो देश र आबादी कम भएकाले जति नै मानिसको ओइरो लागे पनि केही समस्या पर्दैन अमेरिकालाई । बरु विभिन्न किसिमका जनशक्तिको आवश्यकता पर्ने भएकाले ईडीभी र अन्य माध्यमबाट अमेरिका प्रवेश गर्नेहरूको अहिले लर्को नै चलेको छ । कानुनी तथा गैरकानुनी जसरी भए पनि अमेरिका छिर्नका लागि जिउ-ज्यानकै जोखिम मोल्नेहरू पनि देखिन्छन् । यसरी विश्वका कुना-काप्चामा बस्नेका लागि समेत आकर्षण हुन गएको छ अमेरिका ।

मानिसले धेरै कुरा बुझ्न, जान्न र देख्न चाहन्छ । यद्यपि अहिले विज्ञान र प्रविधि सबै देशमा एउटै हो । शिक्षा, स्वास्थ्य, प्रविधि, व्यावहारिक ज्ञान उस्तै हुन् । केवल सञ्चालन र व्यवस्थापन मात्र फरक हो । उस्तै भए पनि अमेरिकाको उत्पादन र प्रविधि बढी गुणस्तरीय र विश्वसनीय हुन्छन् । अमेरिकालाई हामी अर्कै ग्रहजस्तो ठान्छौं । यो बुझाइ पनि गलत हो । मानिसले हात बाँधेर प्रगति गर्न सक्दैन । उनीहरू हात बाँधेर बस्दैनन् र काम गरेकै हुन्छन् । विकासका लागि अनेक उपाय निकाल्छन् । व्यक्तिलाई भन्दा यहाँ कामको मूल्याङ्कन गरिन्छ, त्यसो हुँदा कामको उत्पादकत्व र गुणस्तरमा उच्चता पाउन सकिन्छ । देश विकास एकैचोटि हुने होइन । यसका लागि त निरन्तरता हुनैपर्छ ।

विकासलाई तीव्रता दिन नसकेका कारण मात्र हामी पछि परेका हौं । विकासका लागि आवश्यक पर्ने संरचनाहरू भने सबै मुलुकका लागि उस्तै हुन् र विकास गर्नै नसकिने होइन । यसका लागि राजनीतिक प्रतिबद्धता आवश्यक हुन्छ । अल्पविकसित मुलुकमा यसको अभाव भएकाले नै विकासमा धेरै मुलुकपछि परेका हुन् । तीव्र गतिमा विकास गर्दै गएको हुनाले अन्य मुलुकलाई विभिन्न किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव पारिरहेकै छ अमेरिकाले ।

यहाँ सन्दर्भ छ अमेरिकाकै । अमेरिकामा जसरी पनि छिर्ने र छिरेपछि हवाहवार्ती डलर आउँछ भन्ने सोच कदापि गर्नु हुँदैन । पैसा त्यसै आउने भए अमेरिकाले किन बाहिरका मानिसलाई लैजान्थ्यो ? उत्पादन बढाउनका लागि नै उसले बाहिरबाट मानिस लैजाने हो । तपाईं हाम्रो साधारण शिक्षाले ठूलो आम्दानी गर्नै सक्दैन । रोजगारीबाट मनग्गे आम्दानी गर्नका लागि विशेष शिक्षाको आवश्यक हुन्छ, जुन ज्ञान तथा शिक्षाले आम्दानीमा तीव्रता दिएको हुन्छ । अमेरिकामा आम्दानी गर्ने शिक्षा भनेको प्राविधिक तथा व्यावहारिक शिक्षा नै हो । अहिले त आईटी तथा अनलाइन शिक्षाको विकासले धेरै मानिसले गर्ने काम थोरै मानिसबाट सम्भव भएको छ । यसले गर्दा पनि त्यहाँ साधारण शिक्षा प्राप्त गर्नेहरूलाई रोजगारीको अवसर न्यून हुँदै गएको छ ।

अमेरिकामा मात्र होइन, धेरै मुलुकमा मानिसले लामो समय लगाएर गर्ने कामलाई एआईले क्षणभरमै सम्पन्न गरेर चकित पारेको छ । यसको निर्माण गर्ने पनि मानिस नै हुन् तर तिनीहरूमा विशेष दक्षता भएको हुन्छ । त्यसकारण साधारण ज्ञान लिएर तपाईं जहाँ गए पनि त्यसबाट हुने आम्दानीबाट सन्तुष्ट हुनै सक्नुहुन्न । राम्रो काम र मामका लागि त उपयुक्त शिक्षा, ज्ञान र दक्षता हासिल गर्नैपर्छ ।

तपाईं थोरै आम्दानीबाट पनि सन्तुष्ट हुनुहुन्छ भने सामान्य शिक्षा र ज्ञान भए पनि पुग्छ । जहाँ पनि यस प्रकारको शिक्षाले तुलनात्मक रूपमा राम्रो रोजगारी दिँदैन । अहिले बढी आवश्यक भएको क्षेत्र भनेकै आईटी हो । यस क्षेत्रको ज्ञान तपाईंसँग पर्याप्त छ भने तपाईंले घरै बसेर पनि राम्रो आम्दानी गर्न सक्नुहुन्छ ।

अमेरिकामा जुन हैसियतबाट प्रवेश गरे पनि तपाईंले कुनै आपराधिक काम गर्नु हुँदैन भने तपाईंले चाहेजति बस्न सक्नुहुन्छ । तेरो भिसा छैन भनेर घोँक्र्याएर देश फिर्ता गर्दैन । यसो गर्नु मानवता विरोधी हुन सक्छ । यहाँ सानोतिनो (घन्टाका आधारमा पारिश्रमिक दिइने) काम पाउने सम्भावना भने बढी हुन्छ । अर्को धेरै घन्टा काम गर्छु भन्दा पाइँदैन । जो-कोहीलाई पनि हप्तामा दुई दिन आराम गर्नैपर्छ भन्ने मान्यताले गर्दा पाँच दिनमा ४० घन्टासम्म काम गर्न सकिन्छ । पारिश्रमिकका सम्बन्धमा पनि त्यति भिन्नता हुँदैन, किनभने निश्चित मापदण्ड निर्धारण भएको हुन्छ ।

अर्को राम्रो पक्ष भनेको तपाईंसँग कुनै विषयको राम्रो दक्षता अथवा सीप छ भने राम्रै आम्दानी पनि गर्न सक्नुहुन्छ । मानौं कुनै कृषि फर्ममा कुनै कृषिको ज्ञान भएको कामदारको आवश्यकता पऱ्यो भने कृषि विषय पढेकै हुनुपर्छ भन्ने पनि केही छैन । तपाईंमा कृषिको ज्ञान छ भने रोजगारी पाउन सक्नुहुन्छ । रोजगारदातालाई काम चाहियोको हो न कि प्रमाणपत्र । सरकारी कार्यालयमा प्रमाणपत्र चाहिन्छ, त्यो क्षेत्र अर्कै हो । काम गर्दै जाँदा कर्मचारीले धेरै कुरा सिकेका हुन्छन् । रोजगारदाताहरु सन्तुष्ट भए भने कामदारलाई माथिल्लो तहमा लैजाँदा पनि रहेछन् ।

त्यसकारण आम्दानी गर्नका लागि पढाइभन्दा पनि कामबाट हुन सक्ने उपलब्धिलाई बढी महत्व दिइएको हुँदो रहेछ । अमेरिकामा घरभाडा भने अलि महँगै छ । यसका लागि कतिपय मानिस जसको आम्दानी कम छ, सेयर गरेर पनि बस्छन् । कुनै एउटा फ्ल्याट सेयर गर्दा अवश्य नै सस्तो पर्ने हुन्छ । यसरी आफ्नो कमाइलाई केही हदसम्म किफायत गरेर जीवन चलाउने पनि गर्छन् ।

बाहिरबाट त्यहाँ जानेका लागि केही महँगोको अनुभव त अवश्य नै हुन्छ, तर त्यहाँ बसेर कमाउनेका लागि त महँगीको असर पर्ने कुरै भएन । स्वदेशको तुलना गरेर कुनै पनि सामान किन्दा एकदमै महँगोजस्तो लाग्छ । एकमुठा साग किन्दा पाँच डलर पर्छ । त्यो सागलाई नेपालमा ५० रुपैयाँभन्दा त पक्कै बढी पर्दैन । राम्रो पारिश्रमिक छ भने महँगीबाट त्यति चिन्ता लिनु पनि पर्दैन । तपाईं वैधानिक बाटोबाट अमेरिका जानुभएको छ भने तपाईंलाई धेरै कुरामा सहज हुन्छ र कुनै प्रकारको चिन्ता लिनुपर्दैन । ग्रिनकार्ड, सामाजिक सुरक्षा नम्बर, रोजगारी, बिमा, औषधि उपचारजस्ता विषयमा सजिलो हुन्छ । गलत किसिमले गएकाहरूलाई भने यी सबै कुरामा समस्या हुन्छ । त्यसकारण असुरक्षित किसिमले अमेरिक नजानु नै वेश ।

बढी आम्दानी गर्नका लागि मानिसले अमेरिकामा दुई-तीन ठाउँमा पनि काम गर्छन् । तपाईं कानुनले चिनेको व्यक्ति हो र तपाईसँग कुनै क्षेत्रमा विज्ञता छ भने राम्रै आम्दानी गर्न सक्नुहुन्छ । राम्रो वित्तीय विवरण तयार गर्ने र तिनीहरूको विश्लेषण गर्न सक्ने क्षमता भएको व्यक्तिले राम्रै पारिश्रमिक पाउन सक्छ किनभने यो काम सामान्य ज्ञान भएको मानिसले गर्न सक्दैन । राम्रो आय गर्नका लागि सानो अवधिको आईटीको तालिम लिएर पनि घरैबाट काम गर्न सकिन्छ । यसरी आफ्नो क्षमता छ भने राम्रो आयआर्जन गर्न सक्ने विभिन्न अवसर अमेरिकामा देखिन्छन् । मुख्य कुरो आफूले ती अवसरलाई ग्रहण गर्न सक्नुपऱ्यो ।

यहाँ कामलाई सानो र ठुलो भनेर छुट्ट्याइएको हुँदैन । काममा कुनै हीनताबोध गर्नुपर्दैन । त्यसैले पारिश्रमिक धेरै लिने र थोरै लिने भनी फरक गरिएको हुँदैन । धेरै तलब खानेले पनि कुचो लगाउँछन्, हाई-हेल्लो भन्छन् र हात मिलाउने गर्छन् । यसरी कुनै पनि संगठनको काममा सहयोग बन्ने वातावरण त्यसभित्र काम गर्नेबाटै निर्माण भएको हुन्छ ।


ठुलो भूगोल, ठुलो जनसंख्या, विज्ञान र प्रविधिको विस्तारले गर्दा दक्ष जनशक्तिको आवश्यकता परेकै हुन्छ । अमेरिकाले विभिन्न भिसा जारी गरेर सस्तोमा जनशक्ति लिँदै आएको छ । यो तरिकाले उसले विकासमा गति लिएको देखिन्छ । अमेरिकामा बस्न यस कारण पनि सजिलो छ कि कुनै मानिस अवैधानिक भए पनि उसले राम्रो आचरण देखाउँछ भने लामो अवधिसम्म बस्न कुनै समस्या पर्दैन । विद्यार्थी भिसामा आउनेका लागि भने निकै राम्रो रहेछ । छात्रवृत्तिमा जाने विद्यार्थीलाई अमेरिकामा बस्न खानका लागि सहयोग नै हुँदो रहेछ । पढाइ राम्रो गर्दै गएमा विभिन्न अवसर उपलब्ध हुने र ग्रिनकार्डको अवसर पनि मिल्ने हुन्छ ।

*(साभार: रातोपाटी)*

# आगामी वर्ष सरकारले उठाउन पाउने आन्तरिक ऋण सीमा पौने ३ खर्ब

काठमाडौं/आगामी आर्थिक वर्ष (आव) २०८१/८२ का लागि सरकारले पौने ३ खर्ब रुपैयाँ बराबर आन्तरिक ऋण उठाउन सक्ने भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आवका लागि आन्तरिक ऋण सीमा कुल गार्हस्थ उत्पादन (जीडीपी) को ५ प्रतिशतसम्म तोकिदिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार चालु आव २०८०/८१ मा जीडीपीको आकार ५७ खर्ब ४ अर्ब ८४ करोड रुपैयाँको हुने अनुमान छ । आयोगको सिफारिस अनुसार आगामी आवका लागि सरकारले आन्तरिक ऋण सीमा सोही आकारको ५ प्रतिशतमा नबढ्ने गरी तोक्नुपर्ने भएको छ ।




यसअनुसार यो वर्ष सरकारलाई २ खर्ब ८५ अर्ब २४ करोड रुपैयाँबराबर मात्र आन्तरिक ऋणका लागि 'स्पेस' रहने भएको छ । चालु आव सरकारले २ खर्ब ४० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने लक्ष्य राखेको छ । उक्त लक्ष्यसमेत आयोगले गत वर्ष दिएको सीमा भित्रै रहने गरी तोकिएको थियो ।

### प्रदेश र स्थानीय सरकारलाई कति ?

आयोगले प्रदेशका लागि संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा गरी आन्तरिक ऋण उठाउन सक्ने गरी सिफारिस गरेको छ । सोही प्रावधान स्थानीय तहका हकमा समेत लागु हुने भएको छ ।

प्रदेशले आन्तरिक ऋण उठाउन सक्ने गरी संघीय सरकारले अधिकार दिएको अवस्थामा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशत नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने भएको छ ।

स्थानीय सरकारले समेत सरकारबाट आन्तरिक ऋण उठाउन सक्ने अधिकार पाएको अवस्थामा नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट पाउने रकम र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने रकमको योगफलको १२ प्रतिशत नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने भएका हुन् । कुनै पनि स्थानीय र प्रदेश सरकारले आन्तरिक ऋण उठाउन नसकेको अवस्थामा नेपाल सरकारले जीडीपीको थप शून्य दशमलव ५ प्रतिशतले नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने समेत आयोगको सिफारिस छ ।

तर, त्यसरी उठाइएको रकम राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गत पहिलो प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनमा रकम अपुग भएमात्र थप आन्तरिक ऋण परिचालन गर्न सकिने आयोगको सिफारिस छ ।

### पूर्वाधार र पूँजी निर्माणमा लगानी गर्न सुझाव

आयोगले आन्तरिक ऋण चालु खर्चका लागि उपयोग नगर्न सुझाव दिएको छ । आयोजनाहरूको लागत लाभ विश्लेषण, खुद वर्तमान मूल्य र आन्तरिक प्रतिफल दर विश्लेषण गरी प्रचलित पूँजी लाभभन्दा वित्तीय आन्तरिक प्रतिफल दर बढी भएका नाफामूलक आयोजनामा आन्तरिक ऋणबाट उठाइएको रकम खर्च गर्न सुझाव दिएको छ । साथै, सामाजिक क्षेत्रतर्फ पनि आन्तरिक प्रतिफल दर बढी भएका आयोजनामा मात्र यो रकम खर्च गर्न भनेको छ ।

ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजना पहिचान, विकास छनोट गर्दा अन्य विषयसँगै अतिरिक्त आयोजना वा कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्नसमेत आयोगले सुझाव दिएको छ ।

उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पूँजी निर्माण हुने खालका पूर्वतयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्न समेत आयोगले सुझाव दिएको हो ।

### "आन्तरिक ऋण परिचालन संरचना बनाएर मात्र तल्लो सरकारको बजेटमा राखौं"

आयोगले आन्तरिक ऋण परिचालन गर्न आवश्यक सबै पूर्वाधार र संरचना विकास गरेपछि मात्र प्रदेश र स्थानीय सरकारले आन्तरिक ऋणलाई बजेटमा स्रोतका रूपमा राख्नुपर्ने समेत आयोगको सिफारिस छ ।

अहिले अधिकांश प्रदेशले आन्तरिक ऋणलाई स्रोतका रूपमा राख्ने गरेका छन् । तर, त्यसअनुसार कार्यान्वयन भने भइसकेको छैन । तीनवटै सरकारले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरणमा आन्तरिक ऋण हिस्सा उल्लेख गर्नुपर्ने सुझाव समेत आयोगले दिएको छ ।

### ओभरड्राफ्ट र नगर विकास कोषको ऋण आन्तरिक ऋणकै सीमाभित्र समेट्नुपर्ने

नेपाल राष्ट्र बैंकले तीन तहका सरकारलाई उपलब्ध गराएको तर एक वर्षभित्र फरफारक हुन नसकेको अधिविकर्ष कर्जा (ओभरड्राफ्ट लोन) स्थानीय सहरी पूर्वाधारका क्षेत्रमा ऋण प्रवाह गर्ने प्रयोजनसाथ स्थापना भएका नगर विकास कोषजस्ता विशिष्टिकृत वित्तीय मध्यस्थकर्ता संस्था र अन्य कानुन बमोजिम सार्वजनिक दायित्व सिर्जना हुने गरी वा सरकार जमानत/प्रतिजमानत बसी प्रवाह गरिने जुनसुकै प्रकृतिका ऋण समेतलाई आयोगले सिफारिस गरेको सम्बन्धित संघीय इकाइको आन्तरिक ऋणको सीमा भित्रै गणना गर्नसमेत आयोगले सुझाव दिएको छ ।

### ब्याजदर न्यून भएको समयमा मात्र उठाऊ

आयोगले आन्तरिक ऋणको अल्पकालीन उपकरण प्रयोग गरी उठाइने सार्वजनिक ऋण बजारमा ब्याजदर न्यून भएको समयमा उठाउने व्यवस्था गर्न सुझाव दिएको छ ।

अल्पकालीन ऋण उपकरण नवीकरण समेत नयाँ ऋणका रूपमा बजेट प्रस्तावमा समावेश गरी संसदबाट अनुमोदन गरेरमात्र परिचालन, लेखांकन र प्रतिवेदन गर्नसमेत सुझाव दिएको छ । तीनवटै तहका सरकारबाट राजस्व र व्ययको अनुमान आयोगमा बुझाउन समेत सुझाव दिइएको छ । आन्तरिक ऋण परिचालन भविष्यको राजस्व वर्तमानमा खर्च गरेसरह हुने भन्दै आयोगले आन्तरिक आम्दानीबाट ऋणको साँवा-ब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्ने गरी आन्तरिक ऋण परिचालन र राजस्व सुधार कार्ययोजना बनाइ कार्यान्वयन गर्नसमेत आयोगले भनेको छ ।

### संकलन आयोगको सिफारिस भित्रै, तर सुझाव बेवास्ता

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सरकारले विगत वर्षमा आयोगको सिफारिसको सीमा भित्रै रहेर आन्तरिक ऋण उठाइए पनि आयोगको सुझाव बेवास्ता गरेको भन्दै गुनासो गरेको छ । व्यय अनुमान तयार गर्दा खर्चको शीर्षकगत र स्रोतगत विवरणमा आन्तरिक ऋण उल्लेख गर्न आयोगले पटक-पटक सुझाव दिइरहेको छ ।

सरकारले भने यसलाई कार्यान्वयन गरेको छैन । पूँजी निर्माण हुने खालका आयोजनामा आन्तरिक ऋण परिचालन गर्नुपर्ने सुझाव समेत सरकारले नमानेको आयोगको भनाइ छ । केही प्रदेश र स्थानीय तहले वार्षिक बजेटको स्रोतमा आन्तरिक ऋण समावेश गरेको भए पनि आन्तरिक ऋण संकलन र परिचालन गरेका छैनन् । तर, स्थानीय सरकारले नगर विकास कोषमार्फत भने ऋण लिई खर्च गर्ने गरेको पाइएको आयोगले उल्लेख गरेको छ ।

### कुन वर्ष कति उठाइयो आन्तरिक ऋण ?

२०७५/७६ : ९६ अर्ब ३८ करोड
२०७६/७७ : १ खर्ब ९४ अर्ब
२०७७/७८ : २ खर्ब २४ अर्ब
२०७८/७९ : २ खर्ब ३१ अर्ब
२०७९/८० : २ खर्ब ५५ अर्ब

*(स्रोत: अनलाइनखबर)*

# ९ वटा हलमा 'महाजात्रा'ले मनायो ५१ दिन, कमाई कति ?




काठमाडौं/डिजिटल युगको प्रारम्भसँगै नेपाली फिल्मका लागि दुर्लभ बनेको प्रदर्शनको ५१औं दिने यात्रा फिल्म 'महाजात्रा'ले सहजै पूरा गरेको छ । गत वर्षको चैत ९ गतेबाट प्रदर्शनमा आएको फिल्मले शनिबार काठमाडौं र मोफसल गरी ९ वटा हलमा ५१औं दिन मनाएको हो । गत वर्षको सर्वाधिक सफल फिल्म 'जारी'पछि धेरै हलमा ५१औं दिन मनाउने फिल्मको रेकर्ड समेत 'महाजात्रा'ले राखेको छ ।

फिल्मले काठमाडौं अन्तर्गत क्यूएफएक्स, बिग मुभिज, एफक्युब सिनेमाज्, आइएनआइ, वान सिनेमाज्, बीएसआर मुभिज्, रञ्जना सिनेप्लेक्स, सिके सिनेमाज् र मोफसलतर्फ नेपालगञ्जस्थित सिने रोयलमा ५१औं दिन मनाएको हो । शनिबार दिउँसो सुन्धारास्थित क्यूएफएक्स हलमा फिल्मको सेलिब्रेसन कार्यक्रम राखिएको छ । यो अवधिमा फिल्मले नेपालमा १६ करोड ग्रस कमाई गरेको छ ।

यसअघि 'जात्रा'का अघिल्ला दुई श्रृंखलाले पनि ५१औं दिने रेकर्ड राखेका थिए । योसँगै विगत एक दशकमा नेपालमा सबैभन्दा बढी ५१औं दिन मनाउने फिल्म दिने निर्देशकको रेकर्ड प्रदीप भट्टराईको नाममा बनेको छ । 'जात्रा'का तीन श्रृंखलासँगै उनी निर्देशित 'शत्रु गते' र 'महापुरुष'ले पनि ५१औं दिने रेकर्ड बनाएका थिए । यो निर्देशक भट्टराईप्रति दर्शकको विश्वास बोल्ने ठूलो प्रमाण हो ।

कमजोर समीक्षा पाएको 'महाजात्रा'ले दर्शकलाई भने रिझाउन सफल भयो । फिल्मले प्रदर्शनको तीन हप्ता सानदार व्यापार गरेको थियो । 'जारी'को रेकर्ड तोडिन सक्ने प्रक्षेपण समेत नभएको होइन । तर, अब यो असम्भव छ । 'जात्रा' समूहको नयाँ फिल्म भने अब आगामी वर्षको दशैंमा आउनेछ । त्यो 'जात्रा'कै नयाँ श्रृंखला हुनेछ या नयाँ फिल्म, त्यसबारेमा कुनै जानकारी गराइएको छैन ।

प्रदीप भट्टराईकै लेखन रहेको 'महाजात्रा'मा हरिवंश आचार्य, विपिन कार्की, रविन्द्र सिंह बानियाँ, रविन्द्र झा, वर्षा राउत, राजाराम पौडेल, प्रकाश घिमिरे, शिशिर वाङ्देल, दिव्य देव, गौमाया गुरुङ, सुमन कार्की लगायतको अभिनय छ । प्राय: दर्शकले फिल्मको मध्यान्तर अघिको कमेडी पाटोलाई रुचाएका छन् । दोस्रो हाफमा राजनीतिलाई जोड दिइँदा फिल्म मूल कथाबाट भड्किएको छ ।

# सहायक भूमिकामा सीमित गरिमा

काठमाडौं/फिल्मसम्मको यात्रा तय गर्न म्यूजिक भिडियो बलियो खुड्किलो मानिन्छ । त्यसैको जगमा उभिएर धेरैले ठूलो पर्दामा देखिने आफ्नो सपना साकार गरेका छन् । पल शाहदेखि पूजा शर्मासम्म म्यूजिक भिडियोबाटै आएका कलाकार हुन् । तर, म्यूजिक भिडियोबाट उदाएका एकाधले मात्र फिल्ममा मुख्य भूमिकामा काम गर्ने अवसर पाउँछन् । नभए त प्राय: सहायक भूमिकामा सीमित रहन्छन् ।



दुई सयभन्दा ज्यादा म्यूजिक भिडियो खेलेकी गरिमा शर्माले पनि निरन्तर फिल्ममा काम गर्ने अवसर पाइरहेकी छन् । तर, उनलाई मुख्य भूमिकामा लिने आँट मेकरले गर्न सकेका छैनन् । उनको डेब्यु फिल्म 'लण्डन टू पेरिस' आगामी जेठ २५ गतेदेखि प्रदर्शनमा आउँदैछ । फिल्ममा उनी सहायक अभिनेत्रीको रुपमा छिन् । शुक्रबार सार्वजनिक टिजरमा उनको उपस्थितिले पनि यो पुष्टि गर्छ ।

उनले दोस्रो फिल्म 'ह्रस्व दीर्घ'मा पनि सहायक भूमिकामै काम गरेकी छन् । यो फिल्म आगामी असोज ११ गतेबाट प्रदर्शन हुँदैछ । अहिले उनी तेस्रो फिल्म 'वर एन्ड वधु'मा काम गरिरहेकी छन् । छायांकन सकिने बेला फिल्ममा जोडिएकी उनको विशेष भूमिका रहेको जनाइएको छ । अर्थात् यसमा पनि उनको प्रमुख भूमिका होइन । तीनवटै फिल्ममा उनी सहायक भूमिकामा सीमित छिन् ।

यद्यपि, फिल्ममा मुख्य वा सहायक भूमिका भन्ने कुराले खासै महत्त्व राख्दैन । त्यो भूमिका कति सशक्त छ र अभिनय कति जीवन्त छ भन्ने महत्त्वपूर्ण हो । त्यसले कलाकारको करिअर निर्धारण गर्छ । यसैले गरिमालाई सहायक भूमिकाबाटै आफूलाई प्रमाणित गर्ने अवसर छ । उनका तीन फिल्ममध्ये कुनै एउटा मात्रै पनि सफल भए उनलाई मुख्य भूमिकामा मेकरले विश्वास गर्ने बाटो खुल्नेछ ।

# प्रचण्डको राजीनामा माग्दै डा. केसीले सुरु गरे अनशन

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा माग गर्दै डा. गोविन्द केसीले २२ औं पटक आमरण अनशन सुरु गरेका छन् ।



शनिबार अनशन सुरु गर्नुअघि जारी गरेको प्रेस विज्ञप्तिमा उनले सशस्त्र द्वन्द्वकालमा मानवता विरोधी अपराध र युद्ध अपराधमा संलग्न प्रमुख नेताको हैसियतमा प्रधानमन्त्री पदबाट प्रचण्डको राजीनामा माग गरेका हुन् । उनले निष्पक्ष रुपमा र पीडितहरुले न्याय अनुभूत गर्ने गरी संक्रमणकालीद्द न्यायको प्रक्रिया टुंगोमा पुग्ने सुनिश्चित गर्न पनि माग गरेका छन् ।

'हाल सत्ताको नेतृत्व गरेका प्रचण्ड त पदमा रहँदा सधैंभर आफ्नो दण्डहीनताका लागि सिंगो संक्रमणकालीन न्याय प्रक्रियालाई भद्दा मजाकमा परिणत गरेको इतिहास छ । त्यसैले निष्पक्ष रुपमा र पीडितहरुले न्यायको अनुभूति गर्ने गरी संक्रमणकालीन न्यायको प्रक्रिया नटुंगिउन्जेल पदमा बस्ने उनको कुनै पनि नैतिक तथा कानुनी धरातल छैन । तसर्थ उनले तुरुन्त राजीनामा दिनुपर्छ', उनले विज्ञप्तिमा भनेका छन् ।

बृहत शान्ति सम्झौता पछि द्वन्द्वकालमा मानव अधिकार हनन, मानवताविरोधी अपराध र युद्ध अपराध गर्ने व्यक्तिहरु र दलहरु नै अहिलेसम्म निरन्तर सत्तामा रहेको भन्दै केसीले उनीहरुले शक्तिको आडमा छानबिन प्रक्रिया निस्तेज पारेर सजायबाट बच्ने दाउमा लागेको आरोप लगाएका छन् ।

'हजारौं पीडितहरुले अहिलेसम्म न्याय पाएका छैनन् । अन्तर्राष्ट्रिय कानुन अनुसार पनि मानवताविरोध र युद्ध अपराधमा संलग्न व्यक्तिहरुलाई सजाय कम हुने तथा माफी हुने प्रावधान छैन', उनले विज्ञप्तिमा भनेका छन् ।

मानवताविरोधी अपराध र युद्ध अपराधमा जोडिएका कतिपय माओवादी नेताहरु अहिले शक्ति र सत्ताको आडमा सजायबाट जोगिन खोजिरहेको भन्दै केसीले दण्डहीनता कायम गर्न प्रचण्डसँगै केपी शर्मा ओली, शेरबहादुर देउवा र माधवकुमार नेपालको भूमिका पनि बराबर रहेको बताएका छन् ।

उनले अगाडि भनेका छन्, 'त्यसैले नेपालमा लोकतन्त्रको साख बचाउने हो भने ओली, देउवा र माधव नेपालले सत्ता र आआफ्ना पार्टीहरुमा नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नु दल, देश र जनताको बृहत हितमा हुनेछ ।'

केसीले ३ बुँदे माग राखेर पशुपति क्षेत्रको मृगस्थलीमा अनशन सुरु गरेका छन् । उनका अन्य मागमा सबै नेपालीले गुणस्तरीय स्वास्थ्य उपचार र निशुल्क औषधि पाउनुपर्ने र आफूसँग विभिन्न समयमा सरकारले गरेका सहमति कार्यान्वयन गर्नुपर्ने पनि रहेको छ ।

केसीले सुदूरपश्चिमको गेटामा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्नुपर्ने, गण्डकी र मधेश प्रदेशका साथै इलाम, उदयपुर र डडेल्धुरामा मेडिकल कलेज वा प्रतिष्ठान निर्माण गर्न पनि माग गरेका छन् ।

त्यस्तै विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारी नियुक्ति मापदण्डसम्बन्धी उच्च शिक्षा ऐन र एकीकृत स्वास्थ्य शिक्षासम्बन्धी ऐन तुरुन्त पारित गर्न माग गरेका छन् । केसीले गौरी बहादुर कार्की आयोगले दोषी ठहर्‍याएका व्यक्तिहरुलाई कारबाही गर्न पनि माग गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# रसुवागढी नाकामा पर्यटकको चहलपहल बढ्दै

रसुवा/चीनको आधार इलाकामा पर्ने मानसरोवर कैलाश तीर्थ र ल्हासा क्षेत्र घुम्न जाने यात्रु तथा पर्यटक आउन थालेपछि र सुवागढी नाकाको चहलपहल बढ्न थालेको छ ।

ल्हासा घुम्न हिँडेका पर्यटक हेलिकप्टरमा र मानसरोवर जाने तीर्थयात्रुहरू बसद्वारा रसुवागढी पुग्न थालेपछि सुनसान रहेको र सुवागढी तथा घट्टेखोला क्षेत्रमा क्रमश: चहलपहल बढ्दै गएको हो ।

व्यावसायिक क्षेत्रका व्यापारीको आवागमन कमी भइरहेको अवस्थामा मान सरोवरको यात्रा सुरुआतले स्थानीयको व्यापार-व्यवसायमा समेत केही अभिवृद्धि भएको छ ।

टिमुरेको घट्टेखोलामा रहेको अध्यागमन कार्यालयमा भिसाको अभिलेख राख्नका लागि घुइँचो लाग्न थालेपछि घट्टेखोलाबाट रसुवागढी मितेरी पुलसम्मको करिब एक किलोमिटर क्षेत्रमा चहलपहल बढेको स्थानीयले बताएका छन् ।

मानसरोवर यात्राका लागि २५ जना नेपाली त्यसतर्फ प्रस्थान गरिसकेका र ल्हासाको अवलोकन भ्रमणका लागि पाँच सय विदेशी पर्यटक भिसामार्फत रसुवागढी नाकाबाट चीन प्रस्थान गरिसकेका रसुवागढी अध्यागमन कार्यालयका कार्यालय प्रमुख मुरारी निरौलाले जानकारी दिए ।

उनका अनुसार ल्हासा भ्रमण गर्न जानेहरूमा भूटान, र सिया, युक्रेन, सर्बिया, फ्रेन्स, अमेरिका लगायत विभिन्न देशका नागरिक रहेका छन् । पर्यठकलाई हेलिअल्ट्रिच्युट तथा डानेष्ट्रीलगायत कम्पनीका हेलिकप्टरले रसुवागढीस्थित घट्टेखोला पुर्‍याएको अध्यागमन कार्यालयले जनाएको छ ।

धार्मिक तथा घुम्ने पर्यटकको यात्रा सहज पार्न भिसा प्राप्त यात्रु तथा पर्यटकलाई तत्काल अध्यागमन कार्यालयले गर्नुपर्ने सबै प्रक्रिया पूरा गरी अनुमति दिने गरेको प्रमुख निरौलाले जानकारी दिए ।

वसन्तऋतुको मध्यदेखि सुरु भएको मानसरोवर तीर्थयात्रा भने शरदऋतुको मध्यसम्म सञ्चालन हुने र भक्तजनको ओहोरदोहोर भइरहने स्थानीयले बताएका छन् ।

# दाङमा बञ्चरो प्रहारबाट २ जनाको हत्या

दाङ/दाङमा बञ्चरो प्रहारबाट दुई जनाको हत्या भएको छ । शनिबार बेलुकी करिब ५ बजे घोराही उपमहानगरपालिका-१० पहेलपारमा स्थानीय ५० वर्षीया जुपली बुढा र सुर्खेत वीरेन्द्रनगर नगरपालिका-२ घर भएकी ४४ वर्षीया संगीता सुनारको बञ्चरो प्रहार बाट हत्या भएको जिल्ला प्रहरी कार्यालय दाङका डीएसपी जनकबहादुर मल्ले जानकारी दिए ।

प्रहरीले हत्या गरेको आरोपमा रोल्पाको थवाङ गाउँपालिका-२ घर भई घोराही उपमहानगरपालिका-१७ चौघेरामा बसोबास गर्दै आएका ५७ वर्षीय अटो चालक टेकबहादुर घर्तीलाई पक्राउ गरेको उनले बताए । प्रहरीले घटनास्थलको प्रकृति मुचुल्का लगाएर अनुसन्धान जारी राखेको छ । घटनाको थप विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ ।

# अविनाशको 'लोरी' अमेरिकाको 'इण्डियन फिल्म फेस्टिभल'मा छनोट

काठमाडौं/कान्समा स्पेसल मेन्सन अवार्ड जितेको अविनाश विक्रम शाह निर्देशित छोटो फिल्म 'लोरी' अमेरिकाको लस-एन्जलसमा आयोजना हुन लागेको इण्डियन फिल्म फेस्टिभलमा छनोट भएको छ ।



फेस्टिभलको 'सर्ट्स फिल्म' विधामा यो १५ मिनेटको फिल्म छनोट भएको फेस्टिभलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । फेस्टिभलको २२ औं संस्करण जुन २७ देखि ३० सम्म हलिउडमा आयोजना हुँदैछ ।

लाइनअपअनुसार यसपटक करण जोहर र गुनित मोंगाले निर्माण गरेको 'किल'को विशेष प्रदर्शन हुँदैछ । ७ कथानक, १२ छोटा र एउटा डकु-सिरिजसहित २० फिल्म स्क्रिनिङ हुँदैछन् ।

फिल्मको सूचीमा भारत, नेपाल, बंगलादेश, श्रीलंका, पाकिस्तान र अमेरिकाका फिल्म समावेश छन् । ओपनिङ फिल्मको रुपमा तार्सिम सिंहको 'डियर जस्सी' र क्लोजिङ फिल्मको रुपमा निथिलान सामिनाथनको 'महाराजा' प्रदर्शन हुँदैछन् ।

'लोरी'को कुरा गर्दा, एउटी आमाले आफ्नी १२ वर्षकी छोरीलाई शान्त तुल्याउन लोरी गाउँछिन् । जब लोरी समाप्त हुन्छ र छोरी होसमा आउँछिन् वास्तविकता धेरै डरलाग्दो र जीवन परिवर्तन गर्ने देखिन्छ ।

यो फिल्मको स्क्रिप्ट र डायलग स्वयं शाहले लेखेका हुन् भने छायांकन उज्वलकुमार बस्ताकोटीले गरेका हुन् । अंकिता यादव, सुजिता साह र प्रीति झाले यसमा अभिनय गरेका छन् । नेपालको अन्डरग्राउन्ड टकिज र हङकङको पेट्रा फिल्मसले संयुक्तरुपमा यसलाई निर्माण गरेका हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडामा सत्तापक्षका सांसदकै गुनासो: सरकारले हाम्रो कुरा सुन्दैन

साझाकुरा संवाददाता

हेटौंडा, २९ वैशाख/ बागमती प्रदेश युवा सम्मेलन-२०८१ को नीति, राजनीति र समृद्धि शीर्षक माथिको बहससँगै युवाको प्रश्न र गुनासो सुन्न आएका प्रतिनिधिसभाका तीन सांसदले आफ्नै गुनासो पोखे ।

सत्तारुढ दल नेकपा एमालेका प्रमुखसचेतक महेशकुमार बर्तौला, नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटा र नेपाली कांग्रेसकी सचेतक सुशीला थिङले युवाको प्रश्नको जवाफसँगै आफ्नै पीडा पनि सुनाएका हुन् । हेटौंडामा जारी युवा सम्मेलनमा सहभागीले तीनजना सांसदलाई नीति निर्माणमा काम हुन नसकेको, मुलुक अस्थिरतामा फसेको, वडाअध्यक्षले गर्ने काम देखाएर सांसदले भोटको राजनीति गरेको, युवाको मुद्दा सम्बोधन नभएकोलगायत प्रश्न राखेका थिए ।



प्रश्नमाथि तीनैजना सांसदले निर्वाचन प्रणाली, संसदीय अंकगणितले निम्तिएको अस्थिरता र सरकारको नेतृत्वकर्ताको कार्यशैलीलाई कारक तत्वको रुपमा देखाउन खोजे । सांसद बर्तौलाले सांसदले उठाएका विषय ठीक समयमा ठीक ठाउँमा कार्यान्वयन भएको गुनासो गरे । 'हामी सरकारका नभई जनताका प्रतिनिधि हौं । हामीले उठाएका कुरा सरकारले सुन्दैसुन्दैन, हामी निराश छौं,' उनले थपे । सरकारले जनताका प्रतिनिधिले उठाएको सवाल कार्यान्वयन नगर्दा सांसदहरु बेकामे बनेको पीडा पोखे । विगत डेढ वर्षमा प्रतिनिधिसभाबाट ४ वटा मात्रै कानुन बन्न सकेकाले सांसदमाथि प्रश्न उठ्ने ठाउँ रहेको बर्तौलाले बताए । ८१ वटा कानुन निर्माण गर्नुपर्नेमा ४ वटा मात्रै कानुन निर्माण भएकाले समस्या उत्पन्न भएको उनी बताउँछन् ।

कांग्रेस सचेतक थिङले भनिन्, 'प्लेटोले भन्नुभएको छ, बुद्धिमान हौ भने राजनीति गर । नत्र मुर्खहरुबाट शासित हुनुपर्छ,' टालाटुलीबाटुली जस्तै सरकार रहेकाले युवाले अपेक्षा गरेअनुसारको काम हुन नसकेको थिङले दाबी गरिन् । नीतिमा २५ वर्षपछि युवालाई सांसदमा जान सक्ने व्यवस्था गरेकोसमेत थिङले उल्लेख गरिन् ।

स्थिर सरकार बनाउने जिम्मा युवाको काँधमा आएको उनको भनाई थियो । 'संसदीय अंकगणितले गर्दा कहिले सत्तापक्ष त कहिले प्रतिपक्ष भइराखेका छौं । यसरी काम हुनै सक्दैन नी,' उनले भनेकी छन् । राज्यको नीति धेरै खराब नभएको तर, परिचालन गर्ने व्यक्ति खराब भएको उनले बताइन् । कानुन निर्माणका सम्बन्धमा विधायकहरुले पर्याप्त समय नपाएको गुनासो गरिन् । विधेयकमाथि संशोधन प्रस्ताव ७२ घण्टाअघि दर्ता गरिसक्नुपर्ने प्रावधान अव्यवहारिक भएको उनको भनाई थियो ।

सांसद थिङले युवाहरु की खाडीमा की कारागारमा पुगेकोमा चिन्ता व्यक्त गरिन् । जर्वजस्तीकरणी र लागूऔषध मुद्दामा युवाले कारागार भरिएको उनको भनाई थियो । जर्वजस्तीकरणीसम्बन्धी कानुनले तोकेको १८ वर्ष उमेर सीमा र अन्य प्रावधानले धेरै युवालाई जेल पुऱ्याएको थिङको टिप्पणी थियो । जर्वजस्तीकरणीसम्बन्धी कानुन परिमार्जन आवश्यक रहेको उनले बताइन् । 'कानुन संशोधनको विषय पनि उठेको छ । तर, यसको अर्थको अनर्थ नलागोस्,' थिङले भनिन् ।

माओवादी सांसद सापकोटाले शासकीय प्रणालीलाई दोष दिए । उनले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्थाबाट स्थिर सरकार हुनुपर्ने माओवादीको एजेण्डामा अन्य राजनीतिक दल सहमत नहुँदा संविधान निर्माणकै बेलामा शासकीय प्रणालीको विषयमा गल्ती हुन पुगेको बताए । संसदीय प्रणालीका कारण मुलुकमा अस्थिरता रहेको उनको दाबी थियो ।

प्रधानमन्त्री वडा कार्यालयको उद्घाटनसम्म पुगेको विषय उठेपछि सापकोटाले प्रधानमन्त्रीले सिंहदरबारमा बसेर नीति तथा शासन व्यवस्था सञ्चालन गर्नुपर्ने बताए । सांसदको काम, कर्तव्यमाथि जनता सचेत नभएकोप्रति सापकोटाले गुनासो राखे । भोट माग्न जाँदा सांसदलाई कस्तो कानुन निर्माण गर्छस् भनेर सचेत रुपमा नसोधेसम्म अवस्था नसुध्रिने उनको भनाई थियो । 'सांसदको काम कानुन निर्माण गर्ने हो । बाटोघाटो बनाउने भइरहेको छ । चुनावमा कानुनका कुरा कम सुनिन्छ । धारा, सडक दिन्छौं भनेर भन्नु परेको छ,'

सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश युवा परिषद्को आयोजनामा भएको प्रदेश युवा सम्मेलन आइतबारसम्म हुनेछ । प्रदेशका १३ जिल्लाको ११९ पालिकामध्ये ८९ पालिकाबाट १६ वर्षदेखि ३० वर्ष उमेर समूहका २०० बढी युवाको सहभागिता रहेको छ । युवा सम्मेलनमा सामुदायिक क्याम्पसका उत्कृष्ट विद्यार्थी, आदिवासी जनजाति, दलित, सीमान्तकृत समुदाय, महिलालाई प्राथमिकता दिएर सहभागी गराइएको परिषद्ले उल्लेख गरेको छ ।

यातायात व्यवसायी उपभोक्ता सहकारीको १५ औं वार्षिक साधारणसभा

# आर्थिक मन्दीका कारण व्यवसायी चरम संकटमा

साझाकुरा संवाददाता

हेटौंडा, २९ बैशाख/१५ वर्षअघि यातायात व्यवसायीले आफ्ना सवारी साधनमा आवश्यक पर्ने स्पेयर पार्टस् र ईन्धन उपभोग गर्ने गरी स्थापना गरेको सहकारीको १५ औं वार्षिक साधारणसभा शनिबार भएको छ ।



यातायात व्यवसायी उपभोक्ता सहकारी संस्थाका अध्यक्ष किरण पौडेलको सभाध्यक्षतामा भएको साधारणसभामा आर्थिक मन्दीका कारण यातायात व्यवसायी संकटमा परेको बताएका छन् । कार्यक्रमका प्रमुख अतिथि यातायात व्यवसायी महासंघका अध्यक्ष हीरालाल श्रेष्ठले यातायात व्यवसायीलाई परेको संकटका बारेमा सरकारसँग छलफल भइरहेको बताए । भारतीय ट्रकले नेपालमा सामान ओसारपसार गरिरहेको तर, नेपाली लगानीकर्ताको ट्रक काम नपाएर खाली बस्नु परेको कारण बैंक ब्याज, मर्मत, ईन्धनको भुक्तानी गर्न नसकेको श्रेष्ठले बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यले पछिल्लो समय धेरै यातायात व्यवसायी पलायन भइरहेको बताउँदै व्यवसायीहरु संगठित भएर राज्यसँग ब्यावसायिक अधिकारका लागि लड्न सुझाव दिए । संस्थाका संचालक सदस्य बिष्णुहरि बिडारी, सेयर सदस्य देवनारायण लामिछाने 'भीमसेन'ले सहकारी संस्थाले गर्ने कारोबारको दायरा फराकिलो बनाउँदै जानुपर्ने बताए ।

५ करोड ३७ लाख रुपैयाँ सेयरपूँजी रहेको सहकारीले हेटौंडा-१० मा सवारी साधनका लागि आवश्यक स्पेयर पार्टस् र हेटौंडा-११ नवलपुरमा पेट्रोल पम्प संचालन गरिरहेको छ । संस्थाका अध्यक्ष पौडेलले सहकारीको बक्यौता करिब ४ करोड रुपैयाँ रहेका कारण चालुपूँजीको अभाव हुन थालेको र आर्थिक मन्दीका कारण ब्यवासय चलायमान हुन नसकेको बताए । सहकारीका सचिव सुनिलकुमार न्यौपाने र कोषाध्यक्ष कुमार बर्तौलाले दुबै प्रतिबेदन प्रस्तुत गरेका थिए । सहकारीका सचिव न्यौपानेले दिएको राजीनामा स्वीकृत गरी बन्दसत्रले सचिवमा देवनारायण लामिछाने 'कुमार' र लेखासमिति सदस्यमा विश्वराज राइलाई चयन गरेको छ ।

सहकारीले हेटौंडा-११ मा संचालन गरेको पेट्रल पम्पले एक वर्षको अवधिमा करिव ४३ लाख रुपैयाँ र मोटरपार्टस् पसलतर्फको एक करोड सात लाख रुपैयाँ नोक्सान रहेको प्रतिबेदनमा उल्लेख गरिएको छ । करिव डेढकरोड रुपैयाँ नोक्सानमा रहेको, अवकाश प्राप्त कर्मचारीको उपदान, औषधिउपचार, सञ्चित बिदा जस्ता शीर्षकमा भुक्तानी दिई बिदा गरिएको प्रतिबेदनमा उल्लेख गरिएको छ ।

## शिवम् सिमेन्टको नाफामा २४ प्रतिशत गिरावट

साझाकुरा संवाददाता

हेटौंडा, २९ वैशाख/ शिवम् सिमेन्ट्स लिमिटेडले चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणमा कम्पनीको बिक्री आम्दानी गत आवको सोही अवधिको तुलनामा बढेको छ भने खुदनाफा घटेको छ ।

चालु आर्थिक वर्षको पहिलो ९ महिनासम्ममा कम्पनीले ५ अर्ब ९९ करोड रुपैयाँ बिक्री आम्दानी गरेको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.८९ प्रतिशत बढी हो । गत आर्थिक वर्षको सोही अवधिसम्ममा कम्पनीको यस्तो आम्दानी ५ अर्ब ४५ करोड रुपैयाँ थियो । बिक्री आम्दानी बढेपनि बिक्री लागत बढेका कारण कम्पनीको खुद नाफा घट्न पुगेको हो ।

चैत मसान्तसम्ममा कम्पनीले २० करोड ४२ लाख रुपैयाँ खुदनाफा आर्जन गरेको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६१.९४ प्रतिशत बढी हो । गत आर्थिक वर्षको सोही अवधिसम्ममा कम्पनीले ५३ करोड ६७ लाख रुपैयाँ खुद नाफा कमाएको थियो । समीक्षा अवधिमा कम्पनीको कुलनाफा २३.६४ प्रतिशत घटेको छ भने अन्य आम्दानी ४९ दशमलव १ प्रतिशत घटेको छ । त्यस्तै, कम्पनीको कुलखर्च समीक्षा अवधिमा ६.८४ प्रतिशत घटेको छ ।

नाफासँगै कम्पनीको प्रतिशेयर आम्दानी पनि घटेको छ । समीक्षा अवधिमा कम्पनीको यस्तो आम्दानी १० रुपैयाँ ८५ पैसा घटेर ५ रुपैयाँ ४२ पैसामा झरेको छ ।

## 'सामुदायिक विद्यालयको गुणस्तर सुधारमा पहिलो प्राथमिकता'

साझाकुरा संवाददाता

हेटौंडा, २९ वैशाख/ सामुदायिक विद्यालयको गुणस्तर सुधार पहिलो प्राथमिकता रहेको हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले बताएका छन् । भुटनदेवी माविद्वारा आन्तरिक श्रोतबाट नवनियुक्त ९ जना शिक्षकलाई स्वागत र विद्यालयमा छोराछोरी अध्ययन गराउने शिक्षकलाई सम्मान गर्दै उनले यस्तो बताएका हुन् ।

अध्यक्ष सिग्देलले जबसम्म आफूले पढाउने विद्यालयमा शिक्षकले आफ्ना छोराछोरी अध्ययन गराउँदैनन् तबसम्म सामुदायिक विद्यालयप्रति जनविश्वास नहुने बताए । शिक्षाको गुणस्तर सुधार गर्न शिक्षकको भूमिका सबैभन्दा महत्वपूर्ण हुने बताउँदै भुटनदेवी माविको व्यवस्थापन समितिको अध्यक्ष समेत रहेका सिग्देलले अन्यको भूमिका सहायक भएको दावी गरे ।

गुणस्तर सुधारमा विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको ४ नं. वडाका विद्यालयमा शिक्षकले आफ्ना छोराछोरी भर्ना गर्ने क्रम बढेको छ । यसअघि श्रमिक माविले पनि छोराछोरी आफ्नो विद्यालयमा भर्ना गर्ने शिक्षकलाई सम्मान गरेको थियो ।

विद्यालयका प्रधानाध्यापक माधव दाहालको अध्यक्षतामा भएको स्वागत सम्मान कार्यक्रममा बोल्दै प्रअ दाहालले सार्वजनिक विज्ञापन गरेर प्रतिस्पर्धाद्वारा उत्कृष्ट भएकालाई नयाँ शिक्षक नियुक्त गरिएको बताउँदै कर्तव्यनिष्ट भएर कार्य गर्नुपर्ने बताए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्यहरु राजेन्द्रकुमार बस्ताकोटी, कृष्णप्रसाद कंडेल, सहप्रअहरु वेदराज कोईराला, भरत पोखेल, शिक्षक प्रतिनिधि सूर्यप्रसाद घिमीरेलगायतको उपस्थिति रहेको थियो ।

## ललितपुरसँग बागमती पराजित

साझाकुरा संवाददाता

हेटौंडा, २९ वैशाख/ ललितपुर-११ ले ललितपुर वुमन्स चाम्पियन्सीप २०२४ को पहिलो खेलमा बागमती प्रदेशलाई ७ विकेटले हराउँदै विजयी सुरुवात गरेको छ ।

५३ रनको लक्ष्य पछ्याएका ललितपुरले १३.१ ओभरमा ३ विकेट गुमाउँदै पूरा गर्यो । पूजा महतो ३० बलमा ३ चौकासहित २३ रनमा नटआउट रहिन् । लक्ष्मी चौधरी ७ बलमा ३ चौकासहित १२, किरण कुँवर र सरस्वती घर्तीमगर ६-६ रनमा आउट भए । बागमतीको खुशी डंगोलले १ मात्रै विकेट लिइन् ।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको बागमती प्रदेश १४.२ ओभरमा ५२ रनमा अल आउट भएको थियो । बागमतीकी कप्तान अश्मिना कर्माचार्यले २६ बलमा ३ चौकासहित सर्वाधिक २० रन बनाएकी थिइन् । कञ्चन श्रेष्ठ ११, हेलिसा गुरुङ ५ र खुशी डंगोलले ६ रन बनाइन् ।

चोभार एण्डबाट आएकी कृतिका मरासिनीले १२ औं ओभरको चौथो बलमा खुशीलाई बोल्ड, पाँचौं बलमा विपिशा शाहीलाई क्याच र छैटौं बलमा मनिषा उपाध्यायलाई बोल्ड गर्दै ह्याट्रिक पूरा गरेकी थिइन् । १४ औं ओभरको पहिलो बलमा अश्मिना कर्माचार्यलाई बोल्ड गर्दै लगातार चार बलमा चार विकेट पूरा गरेकी थिइन् । ललितपुर मेयर्स ११ की कृतिका मरासिनीले २ ओभरमा ४ रन खर्चेर ४ विकेट लिइन् । सरस्वतीकुमारी चौधरीले ३ ओभरमा ११ रन खर्चेर ३ विकेट लिइन् ।

## जनप्रतिनिधिको क्षमता विकास गोष्ठी

साझाकुरा संवाददाता

हेटौंडा, २९ वैशाख/ नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा एक दिवसीय क्षमता विकास कार्यशाला भएको छ । शनिबार हेटौंडामा आयोजना गरिएको गोष्ठीमा मकवानपुर जिल्लाबाट निर्वाचित जनप्रतिनिधिको सहभागिता थियो ।

नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति मकवानपुर संयोजक भीम पाख्रिनको सभाध्यक्षतामा भएको गोष्ठीमा नेकपा माओवादी केन्द्रीय सदस्य एवम् वागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता थियो । प्रमुख अतिथि मोक्तानले जनप्रतिनिधिको क्षमता विकासका लागि गोष्ठी उपलब्धिमूलक हुने बताइन् ।

गोष्ठीमा नेकपा माओवादी केन्द्रीय सदस्य एवम् संघीय सांसद् माधब सापकोटा (सुबोध) ले 'कुशल नेतृत्वका आयाम', नेकपा माओवादी केन्द्र केन्द्रीय सदस्य एवम् बागमती प्रदेश मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार डीपी ढकालले 'स्थानीय तहको बजेट प्राथमिकीकरण र समाजवाद उन्मुखता', अधिवक्ता गणेश पाण्डेले 'स्थानीय सरकारको काम, कर्तव्य र अधिकार' विषयमा प्रशिक्षण दिएका थिए ।

नेकपा माओवादी केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज विजय गौतमले गोष्ठीको औचित्यमाथि प्रकाश पारेको गोष्ठीमा वागमती गाउँपालिका अध्यक्ष सर्केश घलान र थाहानगरका पूर्वमेयर लवशेर बिष्टले स्थानीय सरकार सञ्चालनको अनुभवजन्य मन्तव्य राखेका थिए ।

नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति मकवानपुर सचिव वीरबहादुर घलान ज्वालाले सञ्चालन गरेको कार्यक्रममा नेकपा माओवादी केन्द्रीय सदस्य प्रमिला लामा, नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटी सचिवालय सदस्य ललित घलान, ज्येष्ठ कम्युनिष्ट मञ्च केन्द्रीय सदस्य रामहरि सुवेदीको आतिथ्यता थियो । कार्यक्रममा नेकपा माओवादी केन्द्रबाट मकवानपुर जिल्लाका स्थानीय तहमा निर्वाचित प्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष, कार्यपालिका सदस्य, वडासदस्यलगायत पार्टीका नेता/कार्यकर्ताको सहभागिता थियो ।

## मोटरसाइकल हरायो

मिति २०८१ साल बैशाख २६ गते हेटौंडा-५ सानोपोखरा स्थित सडक किनारमा पार्किङ्ग गरिरहेको अवस्थाबाट बेलुका ५:४० बजे निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ९०५४
**मोटरसाइकल धनीको नाम:** सौरब वाईबा
बागमती गा.पा.-६, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** रातो कालो
**चेचिस नम्बर:** MD2A13EX1NCM86455
**इन्जिन नम्बर:** DKXCNM40586
**सम्पर्क फोन नम्बर:** ९७६१७१८५४६

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## जनहितमा जारी सन्देश !

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनु पर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगानुपर्ने दादुरा रुवेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पूरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धी कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा नि:शुल्क कल सेन्टर १११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा सक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय मकवानपुर**

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना